# खोरभित्र मने



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# खोरभित्र मने



यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखन
यशु श्रेष्ठ

चित्राङ्कन
अविन श्रेष्ठ

सम्पादन
शाश्वत पराजुली

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६

**पाठ्यक्रम विकास केन्द्र**

उफ् ! मनेले ज्यादै दुःख दियो ।
खोरभित्र जानै मानेन ।



लखेटेर खोरभित्र पसाउन खोजेँ ।
मने खोरको दायाँतिर भाग्यो ।



फेरि लखेटेँ ।


मने खोरको बायाँतिर भाग्यो ।



"आइज ला ला" भन्दै बोलाएँ ।

मने मेरो नजिकै आयो ।

म अलि रमाएँ ।



यसो समाउन मात्र खोजेको थिएँ ।
मने त उफ्रिँदै टाढा पुग्यो ।





“ला मने ला” फेरि बोलाएँ।
मने त टाँडमुनि पो छिर्‍यो।




त्यहाँबाट धपाएँ ।
टाँडमाथि चढ्यो ।



टाँडबाट उफ्रिँदै तल झऱ्यो ।
मनेलाई खोरमा पसाउनै सकिनँ ।
भाइलाई पनि बोलाएँ ।



मनेलाई बिचमा पारेर भाइ र मैले
समाउन खोज्यौँ ।



मने त खोरको पछाडि पुग्यो ।



पछाडिबाट धपाएँ ।



मने खोरको अगाडि आयो ।



मनेले दु:ख दिएकाले रुनै मन लाग्यो ।
खुइय्य सास फेरेँ ।
आँखा चिम्लेर थचक्क बसेँ ।



एकछिनमै आँखा खोलेँ ।
लौ ! मने त आफैँ पो खोरभित्र पसेछ ।

